## हलेसी तुवाचुङ नगरपालिका नगरसभाको १७ औं नगर अधिबेसनमा आर्थिक वर्ष २०८२/०८३ को आम्दानी तथा खर्चको बजेट बक्तव्य:-

नगरसभाका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, हलेसी तुवाचुङ नगरपालिकाको १७ औं बजेट अधिवेशनमा नगर कार्यपालिकाको तर्फबाट आ.व.२०८२/०८३ को विनियोजनको आधारहरू, प्रस्तावित आम्दानी तथा खर्चको विवरण पेश गर्ने अनुमति चाहान्छु ।

यस सम्मानीत नगरसभामा प्रस्तुत भएको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि तपसिल अनुसारको बजेट विनियोजनको आधार, आम्दानी र खर्चको बजेट अनुमान पेश गरेको छु ।

**सभा अध्यक्ष महोदय, आ.व.२०८२/०८३ को बजेट विनियोजनको आधारहरू प्रस्तुत गर्दछु ।**

### (क) कानुनी आधार:-

नेपालको संविधानको धारा २२९ मा नगरपालिकाको संचित कोष र सो कोषबाट धारा २३० अनुसार नगरपालिकाको राजस्व र व्ययको अनुमान यस नगरसभामा पेश गर्ने संवैधानिक प्रावधान अनुसार बजेट वनाउदा संघीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा कानून मन्त्रालयलबाट प्राप्त मार्गदर्शन, नेपालको संविधानको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मार्गदर्शनलाई आधार मानिएको छ । ऐनको दफा २४ मा नगरपालिका भित्र के-कस्ता योजना बनाउने भन्ने कुरा प्रष्टरूपमा कानूनी रुपमै उल्लेख गरिएको छ । यस्तै सविधानको धारा २२९ मा उल्लेखित नगरपालिकाको संचित कोषमा जम्मा हुने नगरपालिकाको आय रकमका सम्बन्धमा ऐनको दफा ६५ मा उपप्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजस्व परामर्श समितिबाट ऐनको दफा ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२ र ६३ अनुसारको सेवा र क्षेत्रमा स्थानीय कर राजस्व र गैर कर राजस्वका लागि प्राप्त परामर्शका आधारमा नेपालको संविधानको धारा २२९ (२) अनुसार चालू सभावाट स्वीकृत तथा पारित हलेसी तुवाचुङ नगरपालिकाको कर तथा गैरकर राजस्व संकलन ऐन, २०७६ बमोजिम र यसै बजेट तथा कार्यक्रमको अभिन्न अङ्गको रुपमा सभामा प्रस्तावित हलेसी तुवाचुङ नगरपालिकाको आय व्यवस्थापन गर्न हलेसी तुवाचुङ नगरपालिका आर्थिक ऐन, २०८१ को विधेयक समेतका आधारमा हलेसी तुवाचुङ नगरपाललकाको आ. व. २०८१ /०८२ कानूनी आधार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार नगरप्रमुखको संयोजकत्वमा रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमाका आधारमा ऐनको दफा ६७ अनुसार उपप्रमुखको सयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई नगरकार्यपालिकाबाट नगर सभामा पेश हुन स्वीकृत बजेट तथा कार्यक्रम नै यस सभामा पेश गर्नुपर्ने, कानुनी आधार रहेको व्यहोरा निवेदन गर्न चाहान्छु।

### (ख) हाम्रो अभ्यास :

स्वभाविक रुपमा लोकतान्त्रिक शासन व्यवस्था भनेको समाजका सबै जात, वर्ग, लिङ्ग. धर्म र वर्ण भएका नागरिकहरुको सार्वजनिक कल्याण गर्ने राज्य संयन्त्रमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा अर्थपूर्ण सहभागिता हो। यसमा प्रतिनिधिमुलक प्रतिनीधित्व हुन्छ, लोकतन्त्रको सौन्दर्य पनि यही नै हो। वडा समितिहरुबाट वस्तीस्तरमा स्थानीय जनसाधारणको सहभागिताबाट छनौट भई प्राथमिकता प्राप्त कार्यक्रममा नै उल्लिखित खण्ड (क) को विभिन्न समितिहरुबाट कार्यक्रम छनौट र बजेट विनियोजन कार्य हुन्छ | यस सभामा समेत वडा स्तरमा योजना छनौट प्रक्रियामा संलग्न पदाधिकारीहरु रहेका छौ, सभाबाट हामीले नै पारित तथा स्वीकृत गरी कार्यान्वयन पनि हाम्रै प्रत्यक्ष सुपरिवेक्षण, अनुगमनमा गर्ने गरिएको छ। त्यसको मूल्याङ्कन समेत हामी नै गर्छौं। यस प्रकारको हाम्रो अभ्यास दुनियाँको लोकतान्त्रिक व्यवस्थामा गौरवशाली अभ्यास रहेको व्यहोरा पनि म सभालाई निवेदन गर्न चाहन्छु।

हाम्रो यस अभ्यासलाई हामीले कायम राख्न यसको सवल पक्षको प्रबर्द्धन र आलोच्य पक्षको सुधार गर्न हाम्रै पहल प्रशंसनीय हुन्छ। यस तथ्यलाई म विनम्रतापूर्वक यस सभामा अनुरोध गर्दछु । यसैबाट सुशासन प्रबर्द्धन सम्भव छ । समृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्य पनि यहि हो । नेपालको संविधानले आत्मसाथ गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म पनि यहि नै हो।

आ.व. २०८२/०८३ को राजस्व सहित कुल आय प्रस्ताव गर्न चाहन्छु। आयको मूलस्रोत आन्तरिक आयतर्फ प्रस्तावित हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक ऐन, २०८२ को विधेयकमा नगरपालिकाबाट लगाइएका विविध कर तथा गैरकर राजस्वको दायरा र दर तथा बाह्य आयतर्फ संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाडबाट प्राप्तहुने रकम, अन्य सरकारी निकायबाट प्राप्त हुने रकम, गत सालको खर्च नभई सरेको रकम तथा दायित्व र संचित कोषमा समावेश गरी खर्च गर्नुपर्ने र हिसाब राख्नुपर्ने सम्पूर्ण रकमलाई आय बनाइएको छ।

यस सम्मानित सभामा आ. व. २०८२/०८३ को राजश्वको मूल विशेषता संक्षिप्त रुपमा निम्नानुसर भएको व्यहोरा उल्लेख गर्न चाहन्छु ।

आ. व. २०८२/०८३ मा पनि साविक हलेसी तुवाचुङ नगरपालिलकाको सेवा शुल्कको दरमा सामान्य हेरफेर मात्र गरी वि.सं. २०८२ साल साउन १ गते देखि नगरपालिकाका सबै वडामा सेवा शुल्क दस्तुरको एउटै दर कायम गरिएको छ।

सम्पत्ति कर तथा भुमिकरलाई व्यवस्थित रुपमा संकलन गर्न जग्गा तथा घरको किसिमको वर्गिकरण वैज्ञानिक तरिकाले गरी करको दायरालाई फराकिलो बनाइएको छ। जस अनुसार हलेसी तुवाचुङ नगरपालिकामा निर्माण भएका सडक सुविधालाई आधार मानी सम्पति कर तथा भूमीकर निर्धारण गरिएको सम्मानित सभामा अनुरोध गर्दछु।

हलेसी तुवाचुङ नगरपालिका क्षेत्र भित्र विक्री वितरण हुने वस्तु तथा सेवामा राजश्व परामर्श समितिको सिफारिसमा तोकिएको दरले र नगरपालिका भित्र उत्पादित वस्तु तथा सेवामा शुल्क निर्धारण गरिएको छ । कर तथा गैरकर राजस्वका दरलाई भन्दा दायरालाई फराकिलो बनाउने प्रयत्न गरिएको छ । नगरपालिका निर्माण गर्ने दायित्व नगरबासीहरुको नै हो, आर्थिक सहभागिता करलाई रहरका रुपमा आत्मसाथ गर्ने संस्कृति प्रवर्द्धन गर्न निजी क्षेत्रको संस्थागत प्रतिनिधिमूलक संस्था हलेसी तुवाचुङ उद्योग वाणिज्य संघ सँगको विगत देखिको सहकार्यलाई अझ सक्रिय र सशक्त बनाइनेछ । कर नतिर्ने जो कोहीप्रति कठोर नीति लिइनेछ । संघीय, प्रदेश तथा स्थानीय तहका सरकार अन्तर्गतका निकाय तथा नेपाल सरकार र अन्तर्गतका स्वायत निकायहरू र वित्तिय संस्थाहरुबाट प्रवाह गरिने सेवा स्थगन वा खारेज गर्ने सम्मका कारवाहीका लागि आवश्यक व्यवस्था गरिनेछ। क्रमसः

**सभा अध्यक्ष महोदय, आ.व. २०८२/८३ को बजेट आय/आम्दामी प्रस्तुत गर्दछु।**

| सि.नं. | स्रोत | आ.व.२०८२/८३ को अनुमानित बजेट रु | अक्षरमा |
|---|---|---|---|
| १ | राजस्व बाँडफाँड संघीय सरकार | ११२९१८७१९ | ११ करोड २९ लाख १८ हजार ७ सय १९ |
| २ | राजस्व बाँडफाँड प्रदेश सरकार | १०६९२००० | १ करोड ६ लाख ९२ हजार |
| ३ | वितीय समानीकरण अनुदान संघीय सरकार | १११६००००० | ११ करोड १६ लाख |
| ४ | वितीय समानीकरण अनुदान प्रदेश सरकार | ९९९२००० | ९९ लाख ९२ हजार |
| ५ | आन्तरिक स्रोत नगरपालिका | १४५००००० | १ करोड ४५ लाख |
| ६ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १०००००० | १० लाख |
| | **जम्मा** | **२६०७०२७१९** | **२६ करोड ७ लाख २ हजार ७ सय १९** |
| १ | शसर्त अनुदान संघीय सरकार | ३४७६००००० | ३४ करोड ७६ लाख |
| २ | विशेष अनुदान संघीय सरकार | ६९००००० | ६९ लाख |
| ३ | समपुरक अनुदान संघीय सरकार | ७५००००० | ७५ लाख |
| ४ | समपुरक अनुदान प्रदेश सरकार | १४०००००० | १ करोड ४० लाख |
| ५ | शसर्त अनुदान प्रदेश सरकार | १५१७९००० | १ करोड ५१ लाख ७९ हजार |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण | १५००००००० | १५ करोड |
| | **जम्मा** | **५४११७९०००** | **५४ करोड ११ लाख ७९ हजार** |
| | कुल जम्मा | ८०१८८१७१९ | ८० करोड १८ लाख ८१ हजार ७ सय १९ |

नगरपालिकाले संकलन गर्ने आन्तरिक आयको शिर्षक गत विवरण र सोको दररेट समेत यसै साथ संलग्न आर्थिक ऐनमा उल्लेख गरी प्रस्ताव गरेको छु ।

**सभा अध्यक्ष महोदय, "पानी, पर्यटन र पूर्वाधार वर्ष" को रुपमा आ.व. २०८२/०८३ को बजेट खर्च/व्यय प्रस्तुत गर्दछु।**

कुल बजेट ८० करोड १८ लाख ८१ हजार ७ सय १९ मध्ये चालु तर्फ ४६ करोड १५ लाख २९ हजार र पुजीगत तर्फ १९ करोड ३ लाख ५२ हजार ७ सय १९ र समाजिक सुरक्षा तर्फ १५ करोड बजेट प्रस्तुत गर्दछु । क्रमसः

| क.स. | शीर्षक | बजेट रु | अक्षर |
|---|---|---|---|
| १ | होलेसुङ पार्क देखि रकगार्डेन जाने सडक स्तरोन्ती | १०००००००० | १ करोड |
| २ | हलेसी सास्कृतिक सर्किट अन्तर्गत संग्राहालय निर्माण | १०००००००० | २ करोड |
| ३ | सडक वोर्ड नेपाल | ३०००००० | ३० लाख |
| ४ | सिचाई (कुरले रुपाटर र डिकुवा लिफ्टिङ खानेपानी योजना | १०७०००००० | १ करोड ७ लाख |
| ५ | शिक्षा शाखा | २१८५४६०० | २ करोड १८ लाख ५४ हजार ६ सय |
| ६ | प्रशासनिक भवन निर्माण | १५०००००० | १ करोड ५० लाख |
| ७ | नगर सडक | ५०००००० | ५० लाख |
| ८ | मर्मत सम्भार कोष | ४०००००० | ४० लाख |
| ९ | महिला, बालबालिका, जेष्ठ नागरिक, दलित तथा अपाङ्ग | ५२५४००० | ५२ लाख ५४ हजार |
| १० | तार जाली खरिद | १५००००० | १५ लाख |
| ११ | पर्यटन तथा धार्मिक सांस्कृतिक संरक्षण तथा पूर्वाधार निर्माण | ८५१०११९ | ८५ लाख १० हजार १ सय १९ |
| १२ | कृषि तथा पशुपन्छी विकास | ६१५०००० | ६१ लाख ५० हजार |
| १३ | युवा तथा खेलकुद | ९००००० | ९ लाख |
| १४ | पुजिगत सेवा परामर्श | १९००००० | १९ लाख |
| १५ | विपद् व्यवस्थापन /सुरक्षित नागरिक आवास | २०००००० | २० लाख ०० हजार |
| १६ | स्वास्थ्य शाखा | ७०७५००० | ७० लाख ७५ हजार |
| १७ | भाषा, साहित्य | ५००००० | ५ लाख |
| १८ | सूचना, प्रविधि सञ्चालन तथा व्यवस्थापन | १०००००० | १० लाख |
| १९ | खानेपानी संरचना निर्माण तथा सिंचाई आयोजना संचालन | १०००००००० | १ करोड |
| २० | उद्योग विकास शाखा | ६२५००० | ६ लाख २५ हजार |
| २१ | भौतिक पुर्वाधार शाखालाई सामाग्री खरिद | ३५९००० | ३ लाख ५९ हजार |
| २२ | एकल नागरिक जिविकोपार्जन | ५००००० | ५ लाख |
| २३ | आन्तरिक रोजगारी सिर्जना (राष्ट्रिय रोजगार कार्यक्रम लागत साझेदारी ) तथा मिसन रोजगारी कार्यक्रम | २६००००० | २६ लाख |
| २४ | अन्य संघसंस्था /योजना तथा कार्यक्रम लागत साझेदारी | २८००००० | २८ लाख |
| | **जम्मा खर्च रकम** | १३१२२७७१९ | १३ करोड १२ लाख २७ हजार ७ सय १९ |

## (१) विनियोजनका सीमा र आधारहरु

१.१ कार्यालयको सञ्चालनका अनिवार्य खर्च,

१.२ नगरवासीहरुको विकास र समृद्धिको चाहना,

१.३ सवै क्षेत्र,वर्ग र तहको समानुपातिक विकासका लागि गर्नुपर्ने लगानी,

१.४ विकासका साझेदारहरुसँग गर्नुपर्ने सहकार्यका लागि परिचालन गरिने स्रोतको व्यवस्था,

१.५ टोल बस्तीस्तरबाट छनौट र प्राथमिकिकरण भै आएका योजनाहरूको संख्या र आवश्यकता,

१.६ यसै सम्मानित सभाबाट स्वीकृत विनियोजन प्रस्ताव,

२. विगतमा सञ्चालन नभएका प्रकृतिका योजना र कार्यक्रमहरुलाई निरन्तरता प्राप्त गर्नका अलावा जैविक कृषि उत्पादन र पशुपन्छि जन्य उत्पादन लाई प्रोत्साहीत गर्न चालु आ.व. मा पशुपन्छि, पशु वीमा, र कृषि उत्पादनमा साझेदारी सहयोग कार्यक्रम विनियोजित गरिएको छ।

३. हलेसी तुवाचुङ नगरपाललकाको आन्तरिक आम्दानीको संभावना र नगर क्षेत्रभित्रको जैविक विविधता तथा वनक्षेत्र भित्ररहेका वन, वनस्पति, जिवजन्तु, किटपतङग संग सम्बन्धित भएर अध्ययन अनुसन्धान गर्न चाहने हलेसी तुवाचुङ नगरपालिका र खोटाङ जिल्लामा स्थायी बसोवास गने विद्यार्थीहरुले नगरकार्यपालिकाको कार्यालयको

स्विकृतीमा अध्ययन अनुसन्धान गरेमा त्यस्तो अध्ययन अनुसन्धानको अन्तिम प्रतिवेदन प्राप्त भएमा नगरपालिका क्षेत्रभित्रका रहे र खोटाङ जिल्लाको भए सहुलियत उपलब्ध गराईने व्यवस्था मिलाईएको छ।

४. बजेट न्यून भई सम्पादन हुन नसक्ने महत्वपूर्ण कार्यक्रम तथा योजनाहरुलाई बहुबर्षिय कार्यक्रमको रुपमा सञ्चालन गर्ने गराउने व्यवस्था मिलाइएको छ।

५. टोल बस्ती वडा हुदै नगर सम्म प्राथमिकिकरण भई आएका तर रकम विनियोजन गर्न नसकिएका योजनालाई वडास्तर, नगरस्तर, प्रदेश स्तरर संघीयस्तरका योजनामा वर्गिकरण गरि योजना बैंकमा राखी स्रोत खोजी गर्न सक्ने अवस्था मिलाईएको छ।

६.यसै सभावाट स्वीकृत विनियोजन प्रस्तावले निर्धारण गरेको रकम रु ८० करोड १८ लाख ८१ हजार ७ सय १९ को योजना तथा कार्यक्रमहरुमा विनियोजन गरी स्वीकृत विवरण हलेसी तुवाचुङ नगरपालिकाको आ.व. ०८२/०८३ को विनियोजन विधेयक र यसका अनुसूचीहरुमा संलग्न राखी प्रस्ताव गरेको छ।

**बजेट तथा कार्यक्रहरुको छोटो, छरितो र सरल कार्यका लागि तपसिल अनुसारको थप व्यवस्थाको लागि प्रस्ताव गरेको छ।**

(क) वडा कार्यालयको सञ्चालनका लागि शिर्षकगत विनियोजन विवरण नगर प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले स्विकृत गरी कार्यान्वयन गर्न प्रस्ताव गरेको छ ।

(ख) भौतिक पूवाधारतर्फ योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा उक्त योजनामा विनियोजन भएको रकम लाई नगर कार्यपालिकाले उपलब्ध गराउने रकमको हिस्सा मात्र मानी उपभोक्ताले नियमानुसार थप गर्नुपर्ने लागत सहभागिताको रकम थप गरी योजनाको कुल बजेट कायम गरिनेछ ।यसरी उपभोक्ता समितिले लागत सहभागिता वापत थप गरेको रकममा कन्टिन्जेन्सी र मर्मत संभार कोष जस्ता रकम कट्टा नहुने तर नियम अनुसार कर कट्टा हुने प्रस्ताव गरीएको छ।

(ग) लागत सहभागीता जुटाउनु पर्ने योजना तथा कार्यक्रमको हकमा विगतका व्यवस्थाहरूलाई नै निरन्तरता दिइएको छ ।

(घ) नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरूलाई थप समय काममा खटाउदा प्रदान गरिने सेवा सुविधा, नगरकार्यपालिका, वडा समिति, विषयगत समितिहरूमा बैठकहरुको व्यवस्थापन गर्दा खटिने कर्मचारीको तह, संख्या र निजले पाउने भत्ता समेतलाई नियमित र व्यवस्थित गर्न तथा नगर कार्यपालिकास्तरीय र वडास्तरीय रूपमा संचालन गरिने क्षमता विकास, अन्तरक्रिया, सीप विकास जस्ता गोष्ठी सेमिनार, तालिम जस्ता कार्यक्रम सन्चालन गर्दा हुने खर्चको मापदण्ड प्रचलित संघीय, तथा प्रादेशिक कार्य सञ्चालन निर्देशिका तथा कार्यविधिको कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याउन प्रस्ताव गरिएको छ ।

माथि लिखित सम्पूर्ण योजना तथा कार्यक्रमहरु संचालन गर्न प्राप्त गर्ने आम्दानी र खर्चको विवरण पूर्णता दिन यसै बजेट तथा कार्यक्रमको सम्पूर्ण तथा अभिन्न अङ्गको रूपमा यस सम्मानित सभा समक्ष हलेसी तुवाचुङ नगरपालिका, आर्थिक विधेयक २०८२ र हलेसी तुवाचुङ नगरपालिका, विनियोजन विधेयक २०८२ मा संलग्न राखी छलफल र स्वीकृतिको लागि पेश गरेको छ ।

धन्यवाद ।

## हलेसी तुवाचुङ नगरपालिकाको नगरसभामा प्रस्तुत हलेसी तुवाचुङ नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम, बजेट

मिति :२०८२/०३/०९

**उप प्रमुख ज्यू, सभाका सदस्य सचिव ज्यू, सभाका सम्मानित सदस्यज्यूहरु,**

नेपालको संविधानमा भएको व्यवस्था अनुसार नेपाल राष्ट्रको ऐतिहासिक राज्य पुनःसंचरना पश्चात दोस्रो स्थानीय तह निर्वाचनबाट गठित हलेसी तुवाचुङ नगरपालिकाको सम्मानित नगरसभामा आज हामी उपस्थित भएका छौं । यस अवसरमा नगरसभाका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्दछु।

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, सङ्घीयता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । उक्त आन्दोलनका क्रममा घाइते भएका तथा बेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै उक्त आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान सहित स्मरण गर्दछु। नेपालको संविधानको मुल मर्म अनुरुप संघीयता कार्यान्वयनको सिलसिलामा नगरवासीहरुको सर्वोपरी हितको संरक्षण गर्दै सबल, सक्षम, पारदर्शी उत्तरदायी र जनकल्याणकारी नगरपालिका निर्माण गर्नु हाम्रो प्रमुख लक्ष्य हुनेछ । नगरपालिकाको निर्वाचित सरकारले भौतिक पुर्वाधार, विकास निर्माण, सार्वजनिक सेवा प्रवाह एवं नगरको समग्र क्षेत्रको विकासमा उल्लेख्य प्रगति गरेको छ । यस कार्यमा सकारात्मक सहयोग गर्नु हुने सम्पुर्ण सरोकारवालाहरु प्रति आभार व्यक्त गर्दै आगामी दिनहरुमा समेत निरन्तर समन्वय, सहकार्य र सहयोगको अपेक्षा राख्दछु ।आ.व. २०८२/०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध एंव सवल नगरपालिका निर्माण गर्ने हाम्रो संकल्पलाई साकार तुल्याउन महत्वपुर्ण योगदान पु-याउने विश्वास लिएको छु ।

त्रिधार्मिक तपोःभूमि हलेसी तुवाचुङ नगरपालिकाको सम्मानित नगरसभामा आर्थिक वर्ष २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा सो को पूर्व शर्तको रुपमा रहेको नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम पारित गर्नुपर्ने स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा भएको व्यवस्थाका आधारमा आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**नगरसभाका सम्पुर्ण सदस्यज्युहरु**

हलेसी तुवाचुङ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा हाम्रो भौगोलिक बनावट, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा, हाम्रा सांस्कृतिक, आर्थिक अवस्था र राज्य पुनसंरचनाको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गर्ने गराउने प्रयास पूर्ण नहुन सक्छ। यद्यपि हाम्रो संरचनागत, कानुनी दायरा, आर्थिक अवस्था, सामाजिक सांस्कृतिक अवस्था, भौगोलिक जटिलताका बाबजुत हलेसी तुवाचुङ नगरपालिकाको बजेट तथा योजना तर्जुमा समितिले गरेको सिफारिसका आधारमा हलेसी तुवाचुङ नगरपालिकाको चौतर्फि समृद्धि र विकासका लागि आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा दफाबार छलफल भई पारित हुने विश्वासका साथ पेश गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रमबाट आत्मनिर्भर स्थानीय सरकारको निर्माण साथै संघ तथा प्रदेश सरकारले लिएको उद्देश्य हासिल गर्नमा समेत टेवा हुने विश्वास लिएको छु।

यस सभामा प्रस्तुत हुने नीति तथा कार्यक्रममा कतिपय विषयवस्तुहरु छुट्न गएको वा समेट्न नसकिएको हुनसक्छ, सो बारेमा यँहाहरुबाट प्राप्त सान्दर्भिक अमूल्य सल्लाह तथा सुझावको अपेक्षा गर्दै उक्त अमूल्य सल्लाह र सुझावलाई अत्यन्त संवेदनशील भई समेट्ने प्रतिवद्धता व्यक्त गर्दै आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

## हलेसी तुवाचुङ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष २०८२/०८३

### १.आर्थिक विकास

### (क) कृषि तथा पशुपंक्षि

**कृषिमा उन्नती, किसानको समृद्बि**

- कृषि तथा पशुपन्छीजन्य उत्पादन बृद्धिको लागि व्यवसायिक कृषकहरुलाई बैंक तथा वित्तीय संघ-संस्थासँगको समन्वयमा सहुलियत व्याँजदरमा ऋण उपलब्ध गराईने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- कृषकसंग लागत साझेदारीमा मल, खाद्य, कृषि औजार र उन्नत विऊवीजनको उचित व्यवस्था गरिनेछ ।
- बदाम, कपास, लिची र केराखेतीलाई पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ । बदाम उत्पादनलाई प्रवर्द्धन गर्नको लागि ५ क्विन्टल भन्दा बढी उत्पादन गर्ने कृषकलाई उत्पादनका आधारमा नगद प्रोत्साहन गर्दै बदाम ब्राण्डिङको कार्यलाई निरन्तरता दिईनेछ ।
- व्यावसायिक रुपमा गाई, भैसि, बंगुर र बाखापालनमा नश्लशुधार कार्यक्रम संचालन गर्दा लागत साझेदारीमा थप व्यबस्थित गरिनेछ ।
- रैथाने बाली (जुनेलो, गहत, कोदो र फापर) संरक्षण एवं तरकारी खेतीलाई व्यवसायिक उत्पादन गरी हलेसी आउने पर्यटकहरुलाई अर्गानिक उपभोगको पहुँच पुर्याउन होटल व्यवसायी र होमस्टेसँग समन्वय र सहकार्य गरिनेछ।
- कृषि संकलन केन्द्रहरु नगरपालिकाको विभिन्न स्थानहरुमा विस्तार र व्यवस्थापन गरिनेछ ।
- दीगो विकासको १५ औं लक्ष्य **"जमिनमाथिको जैविक विविधताको संरक्षणलाई"** आत्मसाथ गदै बाँझो रहेको जमिनमा ३ रोपनी क्षेत्रफल भन्दा बढीमा कृषि जन्य नगदे बाली तथा फलफूल खेती गर्नको लागि प्रोत्साहन गरिनेछ ।
- कृषि एम्बुलेन्स खरिद गरी उत्पादित कृषि जन्य सामग्रीको बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- उन्नत घाँस तथा बेर्ना नर्सरी स्थापना मार्फत घाँसको सहज उपलब्धता सुनिश्चित गरी उत्पादन लागत घटाई पशुपालन व्यवसायमा कृषकहरूको आम्दानी वृद्धि र जीवनस्तर सुधार गरिनेछ।
- लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम मार्फत स्थानीय व्यवसायको प्रवर्द्धन गरिनेछ।

### (ख) पर्यटन तथा संस्कृति

- निर्माणाधीन धर्मशाला, रक गार्डेन जस्ता धार्मिक तथा पर्यटकिय स्थलहरुको संरचना निर्माण कार्यलाई पूर्णता दिई सार्वजनिक, निजि साझेदारी नीति अनुरुप सञ्चालन गरी आन्तरिक आयमा बृद्दि गरिनेछ ।
- हलेसी तुवाचुङ नगरपालिका क्षेत्रका समग्र सांस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक क्षेत्रलाई एकिकृत रुपमा **हलेसी तुवाचुङ सांस्कृतिक सर्किट** विकासका लागि निम्न स्थानहरुको योजना तथा कार्यक्रम कार्यन्वयन गरिनेछ। त्रिधार्मिक तपोभूमि हलेसी गुफा, तुवाचुङ, सल्ले पोखरी, खोक्चिलिपा, सुत्केरिढुङ्गा, दुक्सेली गुफा, ससेश्वर, लावाचुङ, बुङालुङ (रक गार्डेन), हलेसी गढी, तालिचुङ (रेडियो डाँडा), ताराखसे, किरातेश्वर महादेव, खरखरे महादेव, बतासे (खोप्चा), बोझे ओडार च्यास्मिटार, भुम्जु गढी र जयराम आदी )।
- हलेसी धार्मिक तथा पर्यटन क्षेत्रको प्रचार प्रसार तथा प्रवर्द्धनको लागि आधिकारीक डकुमेन्ट्री, पुस्तक प्रकाशन तथा पर्चा पम्पेल्ट तयारको लागि हलेसी महादेव मन्दिर गुठी व्यवस्थापन समिति, हलेसी महादेव विकास समिति तथा अन्य सरोकारवाहरुसंग समन्वयन गरिनेछ।
- होमस्टे संचालनको निमित्त नगरपालिकाले निजी क्षेत्रहरुसँग सहकार्य गर्दै रैथाने परिकारहरुको (गहत, कागुनो, फापर, कोदोको परिकार जस्ता) पाहुना र पर्यटकसँग (पालिका परिकार माला) मेनु अफ द मिनिसिपालिटी निर्माणमा प्रोत्साहन गरिनेछ।
- हलेसी तुवाचुङ नगरपालिका क्षेत्रको उपयुक्त स्थानमा मौलिक ज्ञान, ईकोम्युजियम, गुफा (बुक्टो), पहिरन, खुल्ला र दुर्लभ पुस्तक सङ्ग्राहल निर्माणको काम यसै आर्थिक बर्षबाट निर्माण कार्य सुरु गरिनेछ ।

- हलेसी मन्दिर तथा बजार क्षेत्रलाई हिलो तथा धुलो रहित बनाउदै थप सौन्दर्यकरण र सडक वत्ति जडान गरिनेछ ।
- धार्मिक तथा पर्यटकीय मिल्दो जुल्दो क्षेत्र भएको छिमेकी राष्ट्र तथा विभिन्न राष्ट्रहरुको नगरपालिकासँग सिस्टर सिटी (मितेरी सम्बन्ध) कायम गरी बाह्य पर्यटक भित्राईने छ ।
- हलेसीको पर्यटन प्रवर्द्धनको लागि प्रथम हलेसी धार्मिक तथा पर्यटन महोत्सव २०८२, हलेसी महादेव मन्दिर गुठी व्यवस्थापन समितिसंग समन्वय गरी संम्पन्न गरिनेछ।
- हलेसी महादेव मन्दिर लगाएतका क्षेत्रहरुलाई विश्व सम्पदा सूचिमा सूचिकृत गराउन आवश्यक पहल गरिनेछ ।

**(ग) उद्योग, बाणिज्य तथा हरित अर्थतन्त्रः "मिसन रोजगारी"**

- स्थानीयस्तरमा उत्पादित खाद्य वस्तुहरुको Value Chain गरी आम्दानी वृद्धिका लागि युवा उद्यमी तथा व्यवसायीहरुलाई अनुदान प्रदानलाई निरन्तरता दिइनेछ ।
- रैथाने बालीलाई प्रर्बधन गर्नको लागि कोदो बाट बनेको परिकारहरु (बिस्कुट, दुनट, नमकिन, मफिङ आदि) घरेलु उद्योगको रुपमा थप विस्तार गरिनेछ ।
- साना तथा मझौला उद्योग सञ्चालन गर्न इच्छुक युवा तथा व्यवसायीहरुलाई सहुलियत ऋण तथा प्रविधिको उचित व्यवस्था गरिनेछ ।
- उद्यमीहरुले उत्पादन गरेको वस्तु तथा सामानहरुलाई बिक्रि विरतण तथा बजारीकरणको लागि सहजिकरण गरिनेछ ।
- घरेलु मदिरा उत्पादन, ब्राण्डिङ र बजारीकरण गर्नका लागि सहजिकरण गरिनेछ ।
- गाँजाबाट निर्माण हुने सामाग्रीहरु उत्पादनको लागि अध्ययन अनुसन्धान र परीक्षण सुरु गरिनेछ ।

**(घ) सहकारीः**

- सहकारी संस्थाहरुलाई पारदर्शी र चलायमान बनाउनको लागि प्रविधिको प्रयोग र क्षमता विकासमा सहयोग गरिनेछ ।
- सहकारी संस्थाहरुको अनुगमन र नियमन, संस्थागत सुशासन, प्राप्ति तथा एकिकरण र बचत तथा लगानीको सदुपयोग र सुरक्षा गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

**(ङ) जलश्रोत तथा सिँचाई**

- नगरपालिका क्षेत्र भित्र पर्ने कोशी करिडोर भूभागमा रहेका भाडबेसी, डिकुवा, रुपाटार कुर्ले र हैदे दाम्दले लिफ्टिङ सिँचाई प्रविधिलाई अबलम्बन गरी उपभोक्ता र निजी क्षेत्रको साझेदारीमा सिँचाई क्षेत्रको विस्तारका लागि आवश्यक बजेटको व्यवस्था गरि यसै आर्थिक बर्ष भित्र कार्य अगाडी बढाईनेछ ।
- भौगोलिक र धरातलिय भिन्नताको आधारमा थोपा सिँचाई, रिचार्ज तथा कृषि पोखरी, सिँचाई कुलो निर्माण गरी जलस्रोतको समुचित उपयोग गरी खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व बढाउन जोड दिईनेछ ।
- डि सि आर एल परियोजनाबाट संचालन भएको जल उपभोक्ता संरक्षण उपभोक्ता संस्थालाई मर्मत सम्भार कोषको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

**(च) श्रम तथा रोजगारः- श्रमको सम्मान, नगरको अभियान**

- बेरोजगार न्यूनिकरणको लागि व्यबसायिक सीप विकास तालिम सञ्चालन गरी लागत साझेदारीमा आवश्यक अनुदान उपलब्ध गराईनेछ ।
- रोजगार रणनीति तयार गरी लागु गरिनेछ ।
- एकिकृत रुपमा श्रम तथा रोजगार सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

- स्थानीय स्तरमा रोजगारी सिर्जनाका लागि कृषि तथा पशुपालनबाट कम्तीमा तीन सय, कोदोको परिकारको व्यवसायिक उत्पादन मार्फत एक सय, घरेलु मदिरा उत्पादन मार्फत एक सय, युवा सीप बिकासबाट कम्तीमा एक सय, पर्यटन तथा नयाँ उधमी सिर्जनाबाट कम्तीमा दुई सय र पुष्प खेती, माछा पालन, पुजा समाग्री, दुना टपरी, कपासको धागो तथा कपडा निर्माण, मौरी पालन आदिबाट दुई सय गरी कम्तीमा एक हजार घरपरिवारलाई प्रत्यक्षरुपमा रोजगार सिर्जना गरिनेछ ।

## २.सामाजिक विकास

### (क) खानेपानी तथा सरसफाई

- दीगो विकासको लक्ष्यहासिल गर्ने गरी खानेपानी तथा सरसफाई आयोजनाहरुलाई जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण हुने गरी दीगोपना कायम गर्दै प्रत्येक टोल वस्तीहरुमा स्वच्छ खानेपानीको प्रबन्ध मिलाउन प्रयास गरिनेछ ।
- लोचा, सहरबोटे, राटमाटे र जुकेखोला, आयोजनाहरु सम्पन्न गरि यस आर्थिक बर्षबाट भुल्केखोला, डिकखोला, अलैचिखोला, धाराखोला, फलाटे खानेपानी, सिम्ले खानेपानी, रानागाउँ सल्ले लिफ्टिङ लगायत विभिन्न खानेपानी आयोजनाहरुलाई आवश्यक बजेट विनियोजन तथा समन्वयन गरि खानेपानी विस्तार गरिनेछ ।
- नगर क्षेत्र तथा नगर क्षेत्र बाहिर रहेका जलस्रोत अनुकुल पर्ने मुहान पहिचान गरी पहिचान भएका मुहानलाई दिगो संरक्षण गरी उपयोगमा ल्याइनेछ।
- बृहत लिफ्टिङ खानेपानी आयोजना व्यबस्थित संचालन र सुद्विकरणको लागि आवश्यक सहयोग र सहजिकरण गरिनेछ।
- आकासे पानी संकलन तथा प्रशोधन गरी विभिन्न विद्यालय तथा बस्तीहरुमा शुद्ध पिउने पानीको पहुँच विस्तार गरिनेछ ।
- धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा नियमित रुपमा संकलन हुने फोहोरलाई उचित व्यवस्थापनको अध्ययन तथा अनुसन्धान गरी प्राङ्गारिक मल उत्पादन एवं पुन प्रयोगमा जोड दिइनेछ ।

### (ख) शिक्षा

- अनिवार्य, निशुल्क र गुणस्तरीय शिक्षालाई कार्यान्वय गर्न शुन्य शुल्क नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरुलाई आवश्यकताका आधारमा कक्षा घटाउने तथा विद्यालय मर्ज गरी आवसीय विद्यालय सञ्चालनमा निरन्तरता दिईनेछ ।
- विद्यालयमा कार्यरत बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई आवश्यकता र कार्य सम्पादनको आधारमा संघीय ससर्त अनुदानमा थप दिदै आएको तलब भत्तालाई निरन्तरता दिइनेछ ।
- शिक्षालाई सीप, संस्कार र प्रविधिसँग जोड्दै सामुदायिक विद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्यका रुपमा विकास गरिनेछ।
- विद्यालयको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय नेतृत्वलाई प्रभावकारी बनाउन, प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता गरी मूल्याङ्कनमा आधारमा थप प्रोत्साहन गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावक तथा विद्यार्थीबीच सचेतना शिक्षा कार्यक्रम गरी विद्यार्थी, अभिभावक शिक्षकहरूबीच त्रिपक्षीय सम्बन्ध प्रभावकारी बनाइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू वीच विभिन्न विधामा प्रतिस्पर्धा गराइ विद्यार्थीको प्रतिभा पहिचाहनको कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरस्तरीय परीक्षालाई थप मर्यादित, व्यवस्थित र बैज्ञानिक रुपमा सञ्चालन गरी नतिजाका आधारमा उत्कृष्ट विद्यालय तथा विद्यार्थीहरूलाई प्रोत्साहन गरिनेछ ।

- शिक्षकहरूका लागि सेवा प्रवेश, पुनर्ताजकी तथा प्रविधि प्रयोगमा आधारित सूचना प्रविधि मैत्री तालिम सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- महिला शिक्षकहरु प्रसुति विदामा बसेको समयमा हुने शैक्षिक क्षति न्युनीकरणका लागि प्रसुति सट्टा शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- विद्यालय दिवा खाजा कार्यक्रममा रैथाने उत्पादन खपत हुने गरी विद्यालयमा नै दिवा खाजा खुवाउने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- कक्षा ११ र १२ का विद्यार्थीहरुलाई रैथाने, सीप, कला र उद्यमशीलतांसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबालिकामा कर्तव्य परायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउन विद्यालय स्काउट कार्यक्रम सञ्चालन गरिनेछ।
- रातो बंगलासँगको साझेदारीमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि यस आर्थिक बर्षबाट सहकार्य गरिनेछ।
- उच्च तथा प्राविधिक शिक्षा हालिस गर्न चाहने जेहेन्दार विद्यार्थी तथा अभिभावक गुमाएका बालबच्चालाई विशेष छात्रवृतीको व्यवस्था गरिनेछ ।
- बाबु आमा गुमाएका अभिभावकविहीन बालबालिकाहरुको पहिचान गरी त्यस्ता बालबालिकाहरुको शिक्षामा पहुँच वृद्धी गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) स्वास्थ्य तथा पोषण**

- आधारभूत स्वास्थ्य सेवालाई सबै नगरबासीको पहुँचमा पुग्ने गरी निशुल्क र प्रभावकारी रुपामा उपलब्ध गराईनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई अनिवार्य बनाईनेछ ।
- कुपोषित बाल/बालिका खोज गरी उपचारको दायरामा ल्याईनेछ ।
- नगर अस्पतालबाट २४ सै घण्टा एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ साथै गर्भवती महिलालाई वर्थिङ सेन्टरहरुले रिफर गरेको आधारमा निःशुल्क सेवा प्रदानलाई निरन्तरता दिईनेछ ।
- सुविधा सम्पन्न अस्पतालहरुसंगको समन्वयमा टेलिमेडिसिन सेवा उपलब्ध गराउन व्यावस्था मिलाइनेछ ।
- सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माण गरी स्वास्थ्य केन्द्रहरुको विस्तार गरिनेछ ।
- आवश्यकताको आधारमा विभिन्न किसिमका स्वास्थ्य शिविर सञ्चालन गरिने छ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नियमित प्रदान गर्दै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य सेवालाई थप व्यबस्थित गर्न स्वास्थ्यकर्मिहरुलाई तालिम तथा औजार उपकरणको व्यवस्था गरिनेछ।
- जेष्ठ नागरिक भेटघाट कार्यक्रम लागू गरी प्रत्यक टोलमा कम्तिमा चार पटक सेवा उपलब्ध गराइनेछ ।

**आयुर्वेद स्वास्थ्य नीति**

- स्थानीय स्तरमा उपलब्ध सितल चिनी, र कुरिलो जस्ता जडिबुटीहरुको नगरपालिका भित्र सामुदायिक वन क्षेत्रमा एकीकृत खेती गरिनेछ।
- हलेसी आयुर्वेद औषधालयले सञ्चालन गर्दै आईरहेको पञ्चकर्म सेवालाई थप व्यवस्थित गरी सञ्चालनमा ल्याइनेछ ।
- जडीवुटीहरुको खेती गर्ने कृषकहरुको लागि विशेष अनुदानको व्यवस्था गरिने छ।

### (घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**"हलेसी तुवाचुङका महिला उत्पादन र आम्दानीमा पहिला"**

- दीगो विकासको लक्ष्य प्राप्तिका लागि नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिईनेछ ।
- लैङ्गिक हिंसा निवारण कोष, बालिका बचत र आमा समूहहरूका लागि बिउपूँजि घुम्ति कोष कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।
- एकल महिला, एकल पुरुष र अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास तथा जीविकोपार्जन सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- वाल विवाह रोकथाम तथा नियन्त्रणको लागि विद्यालय र समुदायमा जनचेतनामूलक कार्यक्रम गरी वाल विवाह न्यूनिकरण गरिनेछ।
- २०८३ भदौं २९ भित्र वालमैत्री नगर घोषणाको लागि निर्धारण भएका ५१ वटा सूचक पुरा गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण र कार्यक्रम सञ्चालन गरिनेछ ।

### (ङ) युवा तथा खेलकुद

- खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व विकस गर्न स्थानीय खेलकुद क्लब/संघसंस्था सँग सहकार्यमा युवा लक्षित खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेलकुद पूर्वाधारको निर्माण तथा स्तरोउन्नती गरिनेछ ।
- खेल क्षेत्रको विकास तथा पर्यटन प्रवर्द्धनको लागि जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।

### (च) भाषा तथा सस्कृति

- स्थानीय भाषा, लिपि, गित, भेषभूषा, कला, सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने गरिनेछ ।
- नौमति बाजा, वालन, लाखे नाच, साकेला, संगिनि, पुटपुटे नाच, लाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।

### (च) सामाजिक सुरक्षा तथा संरक्षण र पञ्जिकरण

- संविधानले सुनिश्चित गरेको सामाजिक सुरक्षाको हकलाई कार्यन्वयन गर्न नगरपालिका भित्र रहेका जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति, एकल महिला, दलित तथा पिछडिएका वर्गका नागरिकलाई नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा सुविधमा प्राथमिकतामा राखि कार्य गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न बैंक सम्म आउन नसक्ने जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुलाई टोल स्तरमा गई भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

## ३.पूर्वाधार विकास

### (क) सडक तथा यातायत

- नगर यातायात गुरुयोजना निर्माण बमोजिम सडक क्षेत्राधिकार निर्धारण, स्तरोउन्नती तथा विस्तार गरिनेछ ।
- सडकको पँहुच भन्दा बाहिर रहेका वस्तीहरुलाई उच्च प्रथामिकतामा राखी सडक विस्तार गरिनुका साथै अन्तर वडा, अन्तर पालिका र अन्तर जिल्ला जोड्ने रणनीतिक महत्वका सडकहरुलाई निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।
- नगरपालिकाले निर्माण गरेका सडकहरुको नियमित रुपमा मर्मत तथा संम्भार गरी नियमित रुपमा संचालन गरिनेछ ।
- पर्यटन सडकहरुलाई प्रकृति तथा संस्कृति मैत्री बनाई हलेसी तुवाचुङ नगरपालिका खण्डको पुष्पलाल मध्यपहाडी लोकमार्ग र हलेसी धितुङ रेग्मीटार सडकलाई नमुनाको रुपमा इको-रोड/पर्यावरण मैत्री सडकका रुपमा बिकास गर्न प्रयास गरिनेछ ।
- दुधकोशी, सुनकोशी करिडोर, नगर रिङ रोड निर्माण कार्य लाई निरन्तरता दिइनेछ ।

- नगर स्तरीय सडक संरक्षण र सुरक्षाको लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**(ख) भवन, आवास तथा सहरी विकास**

- भू-बनोट, क्षमता, उपयुक्तता र भू-उपयोगको आधारमा योजनाबद्व रुपमा नगरभित्रका सम्बम्भावित क्षेत्रहरुलाई बजारिकरण/शहरीकरण गरिनेछ ।
- स्थानीय स्तरमा उत्पादित इन्टरलक ब्लक र टायललाई निजि तथा सामुदायिक भवनहरुमा प्रयोग गरीनेछ ।
- नगरपालिकाको प्रशासकीय भवन, स्वास्थ्य चौकी भवन, सामुदायिक भवन क्रमशः निर्माण तथा स्तरोन्नति गरी सेवा सञ्चालन गर्नका लागि बहुउपयोगी बनाइदै लगिनेछ।
- नगरपालिका भित्र निर्माण हुने भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्रीको र महिलामैत्री अवधारणलाई अवलम्बन गरिनेछ।
- बजार र ग्रामिण क्षेत्रमा खुल्ला स्थानमा योगाभ्यास स्थल, खुल्ला ब्यायामशाला, खेलकुद मैदान,हरियालि पार्क,पुष्पवाटिका र पोखरी निर्माण गरिनेछ।
- भवन संहितालाई कार्यान्वयनमा जोड दिईनेछ ।

**(ङ) विद्युत तथा वैकल्पिक ऊर्जा**

- वैकल्पिक उर्जा प्रविधि विकाशको लागि सम्बन्धीत संघसस्था तथा नीजि क्षेत्रहरु समन्वयन र सहकार्य गरी उर्जा र प्रविधि सम्बन्धी कार्य गरिनेछ ।
- विद्युतीय चुलो, सुधारिएको चुलो वितरण कार्यक्रमलाई लागत साझेदारीमा संचालन गरिनेछ ।
- तयार गरिएको नगर उर्जा योजनालाई (MEP)कार्यान्वयन गर्न सरकारी तथा नीजि क्षेत्रसंग समन्वयन र सहकार्य गरिनेछ ।
- नगरका मुख्य सडक केन्द्रित वस्तीमा सौर्य बत्ति जडानलाई निरन्तरता दिइनेछ ।

## ४.वन वातावरण तथा विपद व्यवस्थापन

**(क) विपद् व्यवस्थापन/जलवायु परिवर्तन**

- विपद् व्यवस्थापनमा संलग्न रेडक्रम, गैरसहकारी संस्था, सञ्चार माध्यम, सामुदायिक संस्था, नागरिक समाज र अन्य सरकारी निकायसँग सहकार्य गरी विपद् पूर्व तयारी, प्रतिकार्य, न्युनिकरण र व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- विपद् व्यवस्थापन कोषमा आवश्यक पूँजीको व्यवस्था गरी विपद् व्यवस्थापन कार्यविधि अनुरुप परिचालनलाई निरन्तरता दिईनेछ ।
- जलवायु परिवर्तन न्यूनिकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्ने र स्वच्छ उर्जा प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- प्रत्येक वडाहरुको विपद् अबस्थाको सिमाङ्कन (जोखिम नक्सा) निर्माण गरि प्राप्त भएको प्रतिवेदलाई कार्यान्वयन गरिनेछ ।

**(ख) वन तथा भू-संरक्षण**

- वन तथा वाताबरण संरक्षणको लागि सिसाजन्य मादक पदार्थ र पिय पदार्थमा पूर्णरोक लगाई Clean and green City अभियान सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- कृषि वन अबधारणा अनुसार सामुदायिक वन, निजि वन, कवुलियति बनहरुमा व्यवसायिक फलफुल तथा जडिबुट्टी खेतिको सुरुवात गरिनेछ ।
- नगरपालिका भित्र रहेका सामुदायिक वन जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोगी वातावरण तथा जैविक विविधता सम्बन्धि नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन गरी अनुगमन र नियमन गरिनेछ।
- फोहोरमैला व्यवस्थापन प्रणालीलाई आधुनिक प्रणालीमा आधारित यन्त्रहरुको प्रयोग गरी प्रभावकारी बनाउदै धार्मिक स्थल, सडक, टोल र अन्य सार्वजनिक स्थलमा फोहोरमैला हुन नदिने व्यवस्थापन मिलाइनेछ।

- सम्बन्धित निकाय सँग समन्वय र सहकार्य गरी सल्ला प्रजातीको रुखलाई हटाईएको स्थानमा माटो तथा हावापानी सुहाउँदो विरुवाहरु (बाँस, खयर,चिउँरी,अमला) जस्ता विरुवाहरु वन कार्यालय तथा सम्बन्धित निकायहरुसँग आवश्यक समन्वयमा वृक्षारोपण गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### (क) मावन संशाधन विकास

- कर्मचारीको कार्य सम्पादनका आधारमा प्रोत्साहन तथा अतिरिक्त भत्ता उपलब्ध गराईने नीति अबलम्बन गरिनेछ।
- नगरपालिकाको संगठन संरचनालाई पुनरावलकोन गरी सबै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागु गरिनेछ । कर्मचारीहरुको कामको मूल्याङ्कन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ । प्रशासनिक स्वच्छता र निश्पक्षता नगरपालिकाको प्रमुख ध्येय हुनेछ ।
- नगरपालिकाका कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको लागि कर्मचारी कल्याणकोषको व्यवस्था गरि कार्यन्वयन गरिनेछ ।

### (ख) सुशासन प्रवर्द्धन

- बार्षिक खर्चको सार्वजनिक परिक्षण, नियमित सार्वजनिक सुनुवाई गरी खर्चको लेखाजोखा तथा वित्तिय जोखिम न्यूनिकरण गरिनेछ ।साथै बेरुजु फछ्र्यौट कार्यलाई प्राथामिकताका साथ अगाडि बढाईनेछ ।
- नगरपालिकाले सञ्चालन गर्ने योजना/कार्यक्रमलाई स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) बमोजिम नतिजा प्राप्त हुने गरी सञ्चालन गरिनेछ ।
- "तपाई जहाँ, नगरपालिकाको सेवा त्यहाँ" कार्यक्रम मार्फत अनलाइन, अफलाईन सेवा व्यवस्थापन लाई निरन्तरता दिईनेछ।
- नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाई पारदर्शी, पहुँचयोग्य हुने गरी, प्रविधिमैत्री (ई-भुक्तानि, ई-सिफारिस पत्र जस्ता इ-सेवाको व्यवस्था) सेवामा सुधार गरिनेछ ।

### (ग) स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन

- डिजिटल नगर प्रोफाइललाई थप व्यबस्थित गरिनेछ।
- स्थानीय राजपत्र र नगरको गतिविधिहरुको प्रकाशन र प्रशारणलाई नियमित रुपमा व्यवस्थित गर्दै लगिनेछ।
- अध्ययन अनुसन्धान अन्वेषण जस्ता कार्यमा उपलब्ध तथ्याङ्कको प्रयोगमा सहजता ल्याउन विद्युत्तीय रुपमा सार्वजनिक हुने सूचना तथा तथ्याङ्क खुला सरकारी अवधारणा अनुसार प्रशारण गरिनेछ।

### (घ) अनुसन्धान तथा विकास

- तुलानात्मक रुपमा विकासका सम्भावना बढी भएका माटो, बन, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको सम्बन्धित निकायहरुको समन्वयमा अनुसन्धान र विकासलाई संस्थागत गर्दै उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ।

### (ङ) न्यायिक सेवा तथा मेलमिलाप

- न्यायिक समिति र वडामा रहेका मेलमिलाप केन्द्रहरुबाट प्रवाह हुने सेवालाई थप व्यबस्थित गरिनेछ।

- ➢ सूचना प्रविधिको उच्चतम प्रयोगबाट न्याय सम्पादन कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाईनेछ।
- ➢ न्याय सम्पादनलाई प्रभावकारी बनाउन अन्तरस्थानीय तहको अध्ययन तथा अवलोकन गरिनेछ।
- ➢ न्यायिक समितिको प्रभावकारिता समुदायमा विस्तार गर्न युवा विद्यार्थी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

**(च) राजस्व**

- ➢ सम्पति कर सम्बन्धी कानून बनाइ कानूनी दायरामा ल्याइनेछ भने भूगोल अनुकुल मूल्याङ्कन दर कायम गरिनेछ ।
- ➢ प्राकृतिक तथा पर्यटकीय क्षेत्रमा निर्माण भएको संरचनालाई उचित व्यवस्थापन गर्दै करको दायरामा ल्याईनेछ ।
- ➢ करदाता शिक्षा प्रभावकारी बनाउदै लगिनेछ ।
- ➢ करका दर र दायरालाई वैज्ञानिक आधारमा विश्लेषण गरि विस्तार गरिनेछ ।
- ➢ राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र सूचना प्रविधिमा आधारित बनाइनेछ, राजश्व संकलन प्रणलिलाई महालेखा परिक्षकको कार्यालय तयार गरेको सुत्र सफ्टवेयर प्रणालीको प्रयोगमा निरन्तरता दिईने छ।
- ➢ प्राकृतिक तथा नदीजन्य श्रोतबाट प्राप्त ढुङ्गा, गिटी, बालुवाको वातावरणीय प्रभाव मुल्याङ्कन गरी नदीजन्य उपयोगलाई करको क्षेत्र भित्र अनिवार्य ल्याइनेछ ।
- ➢ भवन निर्माण तथा नक्सा पासलाई अनिवार्य गरिनेछ ।

**(च) सञ्चार तथा सूचना प्रविधि**

- ➢ नगर क्षेत्र भित्रका सार्वजनिक संस्था, विद्यालय, स्वास्थ्य केन्द्र र अन्य संस्थाहरुमा इन्टरनेट सुविधालाई थप प्रभावकारी र सुदृढ बनाइनेछ।
- ➢ नगरको मोवाइल एप र कार्यालयको वेवसाइटलाई नगरबाट प्रवाह हुने सेवासंग आवद्ध गरी नगरका सबै सूचना तथा सेवाहरूमा शिघ्र तथा सहज पहुँच स्थापना गरिनेछ।
- ➢ खोटाङ जिल्लाबाट सञ्चालित संचार माध्यमबाट जनहितका विज्ञापन प्रसारण दिने नीति लिइनेछ ।
- ➢ राज्यको चौथो अंगका रूपमा स्थापित सञ्चारकर्मीसंगको सहकार्यमा विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ ।
- ➢ कार्यालयमा सञ्चालनमा सरेका विद्युतिय प्रणालीहरुलाई एकीकृत गरी Integrated System को रुपमा बिकास गरिने छ ।
- ➢ हाल संचालनमा रहेका विद्युतिय प्रणालीहरुलाई आवश्यकता अनुसार थप स्तरोन्नती र परिमार्जन गर्दै लगिनेछ ।
- ➢ तथ्याङ्क सुरक्षा, प्रयोगकर्ता व्यवस्थापन र पहुँचमा सुरक्षाको लागि न्यूनतम मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

**६. अन्तर सम्बन्धित विषयहरु**

- ➢ नागरपालिकामा उपलब्ध हुने भौतिक, मानवीय तथा प्राविधिजन्य स्रोतको उपयोगीतालाई प्राथमिता दिदै राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरूलाई स्रोत परिचालन गरिनेछ।
- ➢ नगरपालिकाले कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीरण र औद्योगीकरणमा निजी क्षेत्रलाई अभिप्रेरित गर्नेछ।
- ➢ समृद्ध नगर निर्माणका लागि योजना बैंक तयार गर्न नगर योजना आयोगलाई थप प्रभावकारी बनाइनेछ ।
- ➢ दिगो विकासको लक्ष्य प्राप्तिको लागि सम्बन्धित निकायसँग सहकार्य गरी नीति, कार्यक्रम तथा बजेट कार्यन्वयन गरिनेछ ।
- ➢ विभिन्न नगरपालिकाहरुसंग मितेरी सम्बन्ध तथा भगीनि सम्बन्ध विस्तार गरिनेछ ।

**७. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन**

- योजना संचालनलाई व्यबस्थित गर्न वडा कार्यालयहरुबाटै योजना सम्झौता र उपभोक्ता समिति अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- आयोजनाको पहिचान, मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरणका लागि आयोजना विकास सम्बन्धी स्रोत सहितको संरचनाको व्यवस्था र सुदृढीकरण गरिनेछ।
- योजना तर्जुमाको क्रममा नै कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, स्रोत, जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कन पद्धतिको स्पष्ट व्यवस्था गरिनेछ।

**उपस्थित नगरसभाका सदस्यज्यूहरु**

अन्त्यमा, नेपालको संविधानले आत्मासाथ गरेका मान्यता र परिकल्पनाहरु, योजना विकास प्रकृयमा तय गरिएका राष्ट्रिय, प्रादेशिक र स्थानीय लक्ष्यहरु तथा आज नगरबासीहरुबाट प्रकट भएका भावनाहरु एवं शान्ति सुव्यवस्था र विकासका विषयबस्तुहरुको अन्तरनिहित चाहानाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेकोछ ।प्रस्तुत तिनि तथा कार्यक्रम निर्माणको लागि मत्वपूर्ण भूमिका खेल्नु हुने नगरस्थित विभिन्न राजनीतिकदल, संघ संस्था, विषय विज्ञ,नागरिक समाज, संचारकर्मीहरू, कर्मचारीहरु तथा सुझाब दिनु हुने सम्पूर्ण नगरवासीमा कृतज्ञता प्रकट गर्दै यसको सफल कार्यन्वयमा समेत सहयोग हुने कुरामा म विश्वस्त छु ।

नगरपालिकाको भावी रूपरेखा निर्धारण गर्ने नगरसभा वार्षिक वजेट नीति तथा कार्यक्रम निर्माणका सवलमा सुरुवात देखि नै प्रक्रियागत रुपमा छलफलमा सहभागी हुनु हुने सम्पूर्ण नगरसभाका सदस्यहरुलाई नगर प्रमुखको तर्फवाट हार्दिक आभार व्यक्त गर्दै कृतज्ञता ज्ञापन गर्न चाहान्छु।साथै प्रस्तुत नीति यस गरिमामय सभामा छलफलका लागि पेश गरेको छु ।

**धन्यवाद ।**